# उद्देश्य र कारण

*तलकोट गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावहरुलाई कार्यान्वयन गर्न केही कर, शुल्क र दस्तुर लगाउन, लगाई राखेकोलाई चालु राख्न, हेरफेर गर्न आवश्यक भएकोले प्रस्तुत विधेयक पेश गर्नु परेको हो ।*

*प्रस्तुत विधेयकको व्यवस्थाले राजस्व, कर, शुल्क, र दस्तुरको निर्धारण, त्यस्तो कर दस्तुरको दर बढाउने, घटाउने व्यवस्थाको साथै सेवा दस्तुर, पूर्वाधार कर, सडक निर्माण तथा सम्भार दस्तुर र सवारी साधन कर, घरजग्गा रजिष्ट्रेशन दस्तुर, वन पैदावार शुल्क लगायतका शुल्क, दस्तुर, कर सम्बन्धी व्यवस्थाहरुलाई समयानुकुल निर्धारण गरिएको छ ।*

*द्रष्टव्यः यो विधेयक अर्थ विधेयक हो ।*

***(धनलक्ष्मी खत्री)***
***उपाध्यक्ष, तलकोट गाउँपालिका***

तलकोट गाउँपालिका

## ***तलकोट गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक***

***प्रस्तावना :***

*तलकोट गाउँपालिकाको आर्थिक वर्ष २०७५/०७६ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,*

*नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम तलकोट गाउँ सभाले यो ऐन बनाएको छ ।*

***१. संक्षिप्त नाम र प्रारम्भ :*** *(१) यस ऐनको नाम "आर्थिक ऐन, २०७५" रहेको छ ।*

*(२) यो ऐन २०७५ साल श्रावण १ गतेदेखि तलकोट गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।*

***२. एकिकृत सम्पत्ति कर :****(१) गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाको स्वामित्वमा रहेको जग्गा र त्यस्तो जग्गामा बनेको भौतिक संरचनाहरुलाई एकीकृत रुपमा हिसाब गरी सम्पत्ति कर लगाइने र असूल उपर गरिनेछ । तर गुठी जग्गामा सम्पत्ति कर लगाइने छैन ।*

*(२) उपदफा (१) बमोजिम लगाइने सम्पत्ति करको दर अनुसूची (१) मा उल्लेख भएबमोजिम हुनेछ ।*

*(३) यस दफा बमोजिम सम्पत्ति कर लगाउँदा घर जग्गाको आकार, प्रकार, बनौट र उपयोग, अचल सम्पत्तिको उत्पादनशील उपयोगको अवस्था, नागरिकको जीवनस्तर, आर्थिकस्तर, कर तिर्न सक्ने क्षमता, अचल सम्पत्तिको प्रचलित बजारमूल्य तथा ह्रासमूल्य समेतलाई विचार गरी कार्यपालिकाले आवश्यक कार्यविधि बनाई लागु गर्न सक्नेछ ।*

***३. भूमि कर (मालपोत) :*** *:गाउँपालिका क्षेत्रभित्र अनुसूची (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ । तर दफा २ बमोजिम एकिकृत सम्पत्ति कर लागाएको जग्गामा भूमीकर ( मालपोत) लगाईने छैन ।*

***४. घर जग्गा वहाल कर :****(१) गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्तिले घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड (छप्पर), कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तबरले बहालमा दिएकोमा बार्षिक बहाल रकममा बहाल कर लगाउन सक्नेछ ।*

*(२) उपदफा (१) बमोजिम लगाईने घरजग्गा वहाल करको दर अनुसूची (३) मा उल्लेख भएबमोजिम हुनेछ ।*

*(३) उपदफा (१) बमोजिम लगाईने बहाल रकम निर्धारण गर्नको लागि गाउँपालिका घरजग्गा रहेको स्थान तथा संरचनाको प्रकारको आधारमा न्यूनतम बहाल मूल्य तोकी सोही आधारमा बहाल रकम निर्धारण गरी कर लिन सक्नेछ ।*

***५.व्यवसाय कर :*** *(१)गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।*

*(२) उप दफा (१) बमोजिम ब्यापार, व्यवसाय तथा सेवा संचालन गर्न चाहने व्यक्ति वा संस्थालाई व्यवसाय दर्ता गरी व्यवसाय इजाजत प्रदान गरिनेछ । इजाजत प्राप्त  ब्यवसायीहरुले वार्षिक रुपमा ब्यवसाय कर चुक्ता गरी ब्यवसाय नविकरण गर्नु पर्नेछ ।*

*(३) उपदफा (२) बमोजिम प्रदान गरिने व्यवसाय इजाजत दस्तुरको दर ब्यापार, ब्यवसाय तथा सेवा संचालन गर्न लाग्ने लगानीको आधारमा अनुसूची (४) मा तोकिए बमोजिम हुनेछ ।*

*(४) उपदफा (२) बमोजिमको इजाजत विना गाउँपालिका क्षेत्रभित्र कुनै पनि ब्यापार, ब्यवसाय तथा सेवा संचालन गर्न पाईने छैन ।*

*(५) उपदफा (४) बमोजिम लिइने व्यवसाय करको दर अनुसूची (४) मा तोकिए बमोजिम हुनेछ ।*

*(६) यस दफा बमोजिमको कर उठाउनका लागि आवश्यक पर्ने कार्यविधि गाउँ कार्यपालिकाले स्वीकृत गरी लागु गर्न सक्नेछ ।*

***६. जडिबुटी, कवाडी र जीवजन्तु कर :*** *(१)गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन,खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मतृवा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापतअनसूची (५) बमोजिम जडिबुटी, कवाडी तथा जीवजन्तुकर लगाइने र असूल उपर गरिनेछ ।*

स्पष्टीकरणः*यस दफाको प्रयोजनको लागि कारोवार भन्नाले विक्रेताले जारी गरेको विल वा वीजक वा लेनदेन भएको जनिने प्रमाणलाई सम्झनु पर्दछ र गाउँपालिकाले कर लगाउँदा कारोवार रकमको निश्चित प्रतिशतका दरले लगाउने छ ।*

*(२) उपदफा (१) बमोजिमका वस्तुको ब्यवसायिक कारोवार गर्ने ब्यक्ती वा संस्थालाई गाउँपालिकाले ब्यवसाय इजाजत दिदा कर बुझाउने शर्त र विधि समेत तोकी  इजाजत दिनेछ ।*

***७. सवारी साधन कर :*** *(१) गाउँपालिका क्षेत्रभित्रका सवारी साधनमा प्रदेशलेसवारी साधन कर लगाउने र उठाउनेछ । तर टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सा तथास्कुटरमा गाउँपालिकाले सवारी साधन करलगाउने र उठाउनेछ ।*

*(२) उपदफा (१) बमोजिम गाउँपालिकाले लगाउने भनी तोकिएका सवारी साधनहरुको दर्ता, नवीकरण र सवारी साधन करको दर अनुसूची (६) बमोजिम हुनेछ ।*

*(३) प्रदेशले लगाएको सवारी साधन कर रकमबाट गाउँपालिकाले प्राप्त गर्ने हिस्सा प्रचलित संघीय र प्रदेश कानूनमा तोकिए बमोजिम हुनेछ । ।*

*८. **विज्ञापन कर :** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापन,प्रचारप्रसार आदिका लागि राख्न दिने साइनबोर्ड, ग्लोबोर्ड, स्टल आदिमा अनुसूची (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।*

*(२) उपदफा (१) बमोजिमको कर उठाउनका लागि आवश्यक पर्ने कार्यविधि गाउँ कार्यपालिकाले स्वीकृत गरी लागु गर्न सक्नेछ ।*

*(३) यस दफा बमोजिम गाउँपालिकाले उठाएको विज्ञापन कर बापतको रकम प्रचलित संघीय र प्रदेश कानून बमोजिम सम्बन्धित प्रदेशसंग बाँडफाँड गरिनेछ ।*

*९. **मनोरन्जन कर :** (१) गाउँपालिका क्षेत्रभित्र संचालित सिनेमाहल,सांस्कृतिक प्रदर्शनहल, थियटर सङ्गीत, मनोञ्जन प्रदर्शनस्थल,जादू, सर्कस, चटक जस्ता मनोरञ्जन व्यवसाय सेवामा प्रदेश कानूनले तोके बमोजिम मनोरञ्जन कर लगाई असलु उपर गरिनेछ ।*

*तर प्रदेश कानून बनिनसकेको अवस्थामा यस दफा बमोजिम गाउँपालिकाले अनुसूची ( ८) बमोजिमको दरमा मनोरञ्जन कर लगाइने र उठाइनेछ ।*

*(२)उप दफा (१) बमोजिम गाउँपालिकाले उठाएको मनोरञ्जन कर बापतको रकम प्रचलित संघीय र प्रदेश कानून बमोजिम सम्बन्धित प्रदेशसंग बाँडफाँड गरिनेछ ।*

*१०. **बहाल बिटौरी शुल्क :**(१) गाउँपालिकाले आफुले निर्माण, रेखदेख वा संचालन गरेका देहाय बमोजिमका सम्पत्तिहरुमा अनुसूची (९) बमोजिमको दरमा वहाल विटौरी शुल्क लगाउन र उठाउन सक्नेछ :*

*(क) आफुले निर्माण गरेका वा आफ्नो स्वामित्वमा रहेका भवन, जग्गा वा अन्य सम्पत्ति,*
*(ख) आफ्नो रेखदेखमा रहेको सार्वजनिक स्थल, ऐलानी जग्गा वा बाटोको छेउको जग्गामा भएका अस्थाई टहरा, छाप्रा वा पसल वा आवास,*
*(ग) गाउँपालिकाले तोकेको सार्वजनिक स्थल, हाटबजार, मेला, जात्रा आदिमा थापेका पसल,*

*(२) उपदफा (१)को खण्ड (क) र (ख) बमोजिमको सम्पत्तिमा बहाल बिटौरी शुल्क उठाउनका लागि कार्यपालिकालेन्यूनतम दर निर्धारण गरी बोलपत्र वा दरभाउ पत्र वा डाँक बढावढको माध्यमवाट बहालमा दिन सक्नेछ ।*

(३) उपदफा (१) को खण्ड (ग) बमोजिमको सम्पत्तिमा बहाल विटौरी शुल्क उठाउनकालागि गाउँपालिकाले त्यस्तो स्थानमा खरीद बिक्री हुने वस्तु तथा सेवा एवं कारोवारको आधारमातोकेको न्यूनतम बहाल विटौरी शुल्कको दरमा वोलपत्र वा दरभाउ पत्र वा डाँक बढावढको माध्यमवाट बहाल विटौरीमा दिन सकिनेछ ।

(४) उपदफा (२) र (३) बमोजिम बहाल विटौरीमा दिंदा शर्त सहित सम्झौता गरी दिनु पर्नेछ ।

**११. पार्किङ शुल्क :**(१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र तोकेको पार्किङ्गस्थलमा सवारी साधनलाई पार्किङ्ग सुविधा उपलब्ध गराएवापत पार्किङ्ग गर्ने समयको आधारमाअनुसूची (१०) मा उल्लेख भएबमोजिमको दरमा पार्किङ्ग शुल्क लगाइने र असूल उपर गरिनेछ ।

(२) गाउँपालिकाले उपदफा (१) बमोजिम तोकेको स्थान वाहेक अन्य स्थानमा सवारी पार्किङ्ग गर्न रोक लगाउन सक्नेछ । तर राजमार्ग तथा सहायक राजमार्गको सडक अधिकार क्षेत्रभित्र यस दफा बमोजिम सवारी पार्किङ्ग गराइने र शुल्क लगाइने छैन ।

(३) गाउँपालिकाले सवारी पार्किङ्ग क्षेत्र निर्धारण गर्दा सवारी आवागमनमा बाधा नपुग्ने गरी ट्राफिक प्रहरी कार्यालयसंगको समन्वयमा गर्नेछ ।

**१२. ट्रेकिङ, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टीङ्ग शुल्क :** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टीङ्ग सेवा वा व्यवसाय संचालन गरेवापत अनुसूचि (११) बमोजिम शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**१३. सेवा शुल्क, दस्तुर :**(१)गाउँपालिकाले आफ्नो क्षेत्रभित्रसञ्चालनमा रहेका केबलकार, ट्रेकिङ्ग, कायाकिङ्ग, क्यानोनिङ्ग, बञ्जी जम्प, जिपप्लायर,ऱ्याफ्टिङ्ग,प्याराग्लाइडिङ्ग लगायतका स्थानीय पर्यटन, मनोरञ्जन तथा साहसिक खेलकुद सम्बन्धी सेवा वा व्यवसायमा सेवा शुल्क लगाइने र असूल उपर गरिनेछ ।

तर सीमा नदी वा अर्को गाउँपालिकाको क्षेत्रलाई समेटेर सञ्चालन हुने सेवा वा व्यबसायमा सेवा शुल्क लगाउँदा सम्बन्धित गाउँपालिकासँग समन्वय गरी लगाइनेछ ।

(२) गाउँपालिकाले निर्माण वा संचालन तथा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार वा उपलब्ध गराएको देहायको कुनै सेवा उपयोग गरे बापत सम्बन्धित सेवा प्रदायक तथा सेवाग्राहीलाई सेवा शुल्क, दस्तुर लगाइने र असूल उपर गरिनेछ :

(क) खानेपानी, विजुली, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह र त्यस्तै अन्य सेवा सुविधा,

(ख) फोहोरमैला व्यबस्थापन, सरसफाई, ढल निकास, सडक बत्ती जस्ता सेवा सुविधा,

(ग) शौचालय, पार्क, स्नानगृह, पौडी पोखरी, व्यायामशाला, गेष्टहाउस, पर्यटकीय स्थल, छात्रावास, हाटबजार, पशु बधशाला, शबदाहगृह, धोवीघाट र त्यस्तै अन्य सुविधा,

(घ) सडक, बस पार्क, ढल, पुल जस्ता सेवा,

(ङ) अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्याङ्कन सम्बन्धी सेवा,

(च) गाउँपालिकाले प्रदान गर्ने सिफारिश सम्बन्धी कुनै सेवा,

(छ) ऐतिहासिक स्थल, पुरातात्विक स्थल एवं धार्मिक महत्वका सम्पदाको प्रवेश शुल्क ।

तर ऐतिहासिक स्थल, पुरातात्विक स्थल र धार्मिक महत्वका सम्पदामा प्रवेश गर्दा नेपाली नागरिकलाई यस प्रकरण बमोजिम शुल्क लिन पाइने छैन ।

(३) गाउँपालिकाले सहकारी संस्था, एफ.एम. रेडियो, “घ” बर्गको निर्माण व्यबसायी इजाजत, विद्यालय स्थापना, ट्युसन तथा कोचिङ्ग सेन्टर, औषधी पसल,स्थानीय व्यापारिक फर्मको दर्ता, अनुमति, नविकरण तथा नियमन आदि सेवामा सेवा शुल्क दस्तुर तोकी लगाइनेर उठाइनेछ ।

(४) दफा (१), (२) र (३) बमोजिम लगाइने सेवा शुल्क, दस्तुरको दर अनुसूची (१२) मा उल्लेख भएबमोजिम हुनेछ ।

**१४. पर्यटन शुल्क :** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट अनुसूचि (१३) मा उल्लिखित दरमा पर्यटन शुल्क लगाइने र असूल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**१५.घरजग्गा रजिष्ट्रेशन शुल्क** : (१)घर जग्गा रजिष्ट्रेशन शुल्क प्रदेश कानूनले तोके बमोजिम लगाइने र उठाईनेछ ।

(२) उपदफा (१) बमोजिमउठेको रकम संघीय र प्रदेश कानून बमोजिम बाँडफाँट गरिनेछ ।

(३) घर जग्गा रजिष्ट्रेशन शुल्क उठाउन गाउँपालिकामा साधन, स्रोत, प्रविधि, जनशक्ति तथा कार्यालय व्यवस्थापन नभएसम्म नेपाल सरकारले तोकेको कार्यालय मार्फत उठाईनेछ ।

**१६. दण्ड जरिवाना :**(१)गाउँपालिकाले निर्धारण गरेको कर, शुल्क तथा महसुल तोकिएको समयमा भुक्तानी नगरेमा सम्बन्धित कानूनमा दर तोकिएकोमा सोही बमोजिम र नतोकिएकोमा कार्यपालिकाबाट निर्धारित दरमा जरीवाना सहित बक्यौता असुल गर्नेछ ।

(२) गाउँपालिकाले उपदफा (१) बाहेक प्रचलित कानून पालना नगरेको कसूरमा लगाउने अन्य दण्ड जरिवाना रकम सम्बन्धित कानुनमा तोकिए बमोजिम हुनेछ ।

**१७. कर छुट :**(१) बार्षिक रुपमा तिर्नुपर्ने राजश्व सोही आर्थिक बर्षको पहिलो चौमासिक भित्र र मासिक रुपमा तिर्नुपर्ने राजश्वको हकमा महिना समाप्त भएको सात दिनभित्र बुझाउने करदातालाई नियमानुसार लाग्ने राजश्वको क्रमशः दश र पाँच प्रतिशत छुट दिइनेछ ।

*(२) संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार, कुटनीतिक नियोग, गुठी र लाभको उद्देश्य नराखी सञ्चालन हुने संघसंस्थाको सम्पत्ति, वस्तु तथा कारोवारमा यस ऐन बमोजिमको कर लिईने छैन ।*

*स्पष्टीकरण: लाभको उद्देश्य नराखी सञ्चालन हुने संघसंस्था भन्नाले सामुदायिक अस्पताल तथा स्वास्थ्य केन्द्र, विश्वविद्यालय र सोका आंगिक कलेजहरु, सरकारी वा सामुदायिक विद्यालयहरु, सार्वजनिक पुस्तकालय, वाचनालाय, वालगृह, अनाथाश्रम, बृद्धाआश्रम जस्ता सामाजिक संघसंस्था सम्झनु पर्दछ ।*

*(३) विपद् वा अन्य यस्तै प्रकृतिका विशेष परिस्थितिको कारणले करदाताहरुले कर भुक्तानी गर्न नसक्ने अवस्था आएमा सोको स्पष्ट कारण खुलाई गाउँसभाको निर्णय बमोजिम कर वा जरिवाना छुट दिन सकिनेछ ।*

*(४) कानूनमा ब्यवस्था भएको अवस्थामा वाहेक गाउँपालिकाले कुनै निकाय वा अधिकारीले कुनै प्रकारको कर, शुल्क, महसुल, दण्ड, जरिवाना छुट दिन पाउने छैन ।*

*तर स्थानीय आर्थिक कृयाकलापमा उल्लेखनीय योगदान पुर्‍याउने किसिमका उद्योग व्यबसायमा निश्चित अवधीसम्म सभाले बनाएको कानून बमोजिम कर, दस्तुर, शुल्क छुट दिन बाधा पर्ने छैन ।*

**१८. प्रशासकीय पुनरावलोकन र पुनरावेदन** *:(१) गाउँपालिका गरेको कर, शुल्क, महसुल, दण्ड, जरिवाना सम्बन्धी निर्णयमा चित्त नबुझेमा करदाताले गाउँपालिका प्रशासकीय पुनरावलोकनकोलागि निबेदन दिन सक्नेछ ।*

*(२) उपदफा (१) बमोजिम परेको निबेदन उपर प्रशासकीय पुनरावलोकनको लागि कार्यपालिकाले अध्यक्षको अध्यक्षतामा सम्बन्धित विषय विज्ञ समेत रहने गरी तीन सदस्यीय राजश्व प्रशासकीय पुनरावलोकन समिति गठन गर्नेछ । यस्तो समितिमा कर निर्धारणमा सम्लग्न पदाधिकारी वा कर्मचारीको सहभागिता रहनेछैन ।*

*(३)उपदफा (१) बमोजिम पुनरालोकनकोलागि प्राप्त भएको निवेदन उपर पैतिस दिनभित्र छानविन तथा निर्णय गरी सम्वन्धित ब्यक्तिलाई निर्णयको जानकारी दिनु पर्नेछ ।*

*(४) गाउँपालिका तोकिएको समयमा यस दफा बमोजिम प्रशासकिय पुनरावलोकन नगरेको कारणले करदालाई थप आर्थिक भार पर्न गई हानी नोक्सानी पर्न गएमा गाउँपालिका त्यसको क्षतिपुर्ति दिनु पर्दछ ।*

**१९.ठेक्का आह्वान गर्न सक्ने** *:(१) यस ऐन बमोजिम संकलन गर्ने सेवा शुल्क र दस्तुर कार्यपालिकाले आवश्यकता अनुसार एक आर्थिक वर्षको लागि आय ठेक्का बन्दोवस्त गरी संकलन गर्नसक्नेछ ।*

*तर, आन्तरिक आय वृद्धि हुने देखिएमा वा पटक पटक ठेक्का बन्दोबस्त गर्दा प्रशासनिक दायित्व बढ्न जाने अवस्थामा बढीमा दुई वर्षसम्मको लागि एकैपटक ठेक्का बन्दोबस्त गर्न सकिनेछ ।*

*(२) यस दफा बमोजिमकोआय ठेक्का दिदा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर वा मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीले मात्र प्रतिस्पर्धा गर्ने गरी व्यबस्था मिलाउनु पर्नेछ ।*

*(३) गाउँपालिका सामान्यतया आर्थिक वर्ष शुरु हुनुभन्दा अगावै ठेक्का बन्दोवस्त गरी ठेक्का सम्झौता कार्य सम्पन्न गरिसक्नु पर्नेछ ।*

*(४) गाउँपालिका कर संकलन गर्न सामान्यतया ठेक्का बन्दोबस्त गरिने छैन । तर जडिबुटी, कवाडी र जीबजन्तुकर तथा विज्ञापन कर संकलन गर्न ठेक्का बन्दोबस्त नै गर्नु पर्ने अवस्थामा सभाको निर्णय गराई ठेक्कामा संकलन गर्न सकिनेछ ।*

*(५) यस दफा बमोजिम गरिने आय ठेक्का बन्दोबस्तका लागि बोलपत्र, दरभाउपत्र तथा डाँक बढाबढ सम्बन्धी कार्यविधि र पट्टा कबुलियत, धरौटी, किस्ता र ठेक्का तोड्ने जस्ता कार्यविधिहरु अर्को व्यबस्था नभएसम्म स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०६४ ( संशोधन समेत) लाई आधार मानी गरिनेछ ।*

**२०. सहयोग गर्नुपर्ने** *:संघीय तथा प्रदेश सरकारका कार्यालयहरुले गाउँपालिका राजस्व असुली कार्यमा आवश्यक सहयोग उपलब्ध गराउनु पर्नेछ ।*

**२१. प्रगतिशील कर प्रणाली अवलम्बन गरिने** *:गाउँपालिकाले करको दर निर्धारण गर्दा गरिब तथा विपन्न वर्गलाई कम बोझ पर्ने गरी प्रगतिशील कर प्रणाली अवलम्बन गर्नेछ ।*

**२२. कार्यविधि बनाउन सक्ने** *:(१) ऐनको उद्देश्य कार्यान्वयन गर्नको लागि तलकोट गाउँपालिकाले आवश्यक कार्यविधि वा निर्देशिका बनाई लागु गर्न सक्नेछ ।*

*(२) उपदफा (१) बमोजिम वनेको कार्यविधि वा निर्देशिका सम्वन्धित कार्यपालिकावाट स्वीकृत भई सार्वजनिक भए पछि लागु हुनेछ ।*

**२३. प्रचलित कानुन बमोजिम हुने** *:यस ऐनमा उल्लेख गरिएका बिषयहरुमा यसै बमोजिम र उल्लेख नगरिएका बिषयमा प्रचलित कानुनमा व्यवस्था भए बमोजिम हुनेछ ।*

## अनुसूची - १
(दफा २ संग सम्बन्धित)
## गाउँपालिकाले लगाउने एकीकृत सम्पत्ति कर

| सि.नं. | राजश्वका क्षेत्रहरु | गत आ.व.को यथार्थ रकम | चालु आ.व.को संशोधित अनुमान | आगामि आ.व.को अनुमान | कैफियत |
|---|---|---|---|---|---|
| १ | रु १ लाख देखि ५ लाख सम्म | ० | | एकमुष्ट ७५ | |
| २ | रु ५ लाख १ हजार देखि १० लाख सम्म | ० | | प्रति लाख २५ का दरले थप | |
| ३ | रु १० लाख १ हजार देखि ५० लाख सम्म | ० | | प्रति लाख ५० का दरले थप | |
| ४ | रु ५० लाख १ हजार देखि १ करोड सम्म | ० | | प्रति लाख ७५ का दरले थप | |
| ५ | रु १ करोड १ लाख देखि २ करोड सम्म | ० | | प्रति लाख रु १०० का दरले थप | |
| ६ | रु २ करोड १ लाख देखि ५ करोड सम्म | ० | | प्रति लाख रु ११५ का दरले थप | |
| ७ | रु ५ करोड १ लाख देखि १० करोड सम्म | ० | | प्रति लाख रु १३० का दरले थप | |
| ८ | रु १० करोड भन्दा माथि जतिसुकै भएपनि | ० | | प्रति लाख रु १५० का दरले थप | |

## अनुसूची - २
(दफा ३ संग सम्बन्धित)
# मालपोत वा भुमि कर तर्फ

| सि न | वर्ग | न्युनतम ५ रोपनी सम्मको रकम | | थप प्रति रोपनी रकम | |
|---|---|---|---|---|---|
| | | खेत | पाखो | खेत | पाखो |
| १ | अव्वल | रु २५/- | रु १५/- | रु ५/- | रु २/- |
| २ | दोयम | रु २०/- | रु १०/- | रु ४/- | रु ३/- |
| ३ | सिम | रु १५/- | रु ५/- | रु ३/- | रु ४/- |
| ४ | चाहार | रु १०/- | रु ३/- | रु २/- | रु ५/- |
| | | | | | |

## घर कर वर्गीकरण

| क्र.सं. | घरको किसिम | आ.व.२०७४/७५ का लागि अनुमानित दर | | | |
|---|---|---|---|---|---|
| | | आवसिय प्रयोजन | | व्यवसायिक प्रयोजन | |
| १ | ढुंगामाटोको जोडाई खरको २ तले छाप्रो (छानो) | २०/- | | ४०/- | |
| २ | ढुंगाामाटोको जोडाई ३ तले खरको छानो भएको घर | ३०/- | | ६०/- | |
| ३ | ढुंगामाटोको जोडाई ढुङ्गा वा टिनको छाना भएको ३ घर | ४०/- | | ८०/- | |
| ४ | ढुंगामाटोको जोडाई ३ तले टिन वा ढुंगाको छानो भएको वारतली सहितको घर | ६०/- | | १५०/- | |
| ५ | ढुंगामाटो सहितसिमेन्टले प्लाष्टर गरेको घर | ८०/- | | १६०/- | |
| ६ | व्यापार ,ब्यबसाय प्रयोजनका लागि बनाएको १ वा २ तले काठ वा टिनको प्रयोग गरि बनाएको घर | १८०/- | | १८०/- | |
| ७ | पिलर बिम बाहेकको ढलान गरेको २/३ तले घर | १००/- | | २००/- | |
| ८ | पिलर बिम सहितको टिन वा ढुङ्गाले छाएको विना ढलानको घर | १२०/- | | २४०/- | |
| ९ | पिलर र विम सहितको ढलान गरिएको घर | २००/- | | ४००/- | |
| १० | नक्सापास निवेदन फारम दस्तुर | २००/- | | | |

## अनुसूची - ३
(दफा ४ संग सम्बन्धित)
## गाउँपालिकाले लगाउने घरवहाल कर

| सि.नं. | घरको प्रकार | करको दर | कैफियत |
|---|---|---|---|
| १ | जुनसुकै घरको पनि बहाल कर | बहाल करको १० प्रतिशत | |

## अनुसूची - ४
(दफा ५ संग सम्बन्धित)
## गाउँपालिकाले लगाउने व्यावसाय कर

| सि.नं. | राजश्वका क्षेत्रहरु | गत आ.व.को यथार्थ रकम | चालु आ.व.को संशोधित अनुमान | आगामि आ.व.को अनुमान | कैफियत |
|---|---|---|---|---|---|
| १ | ज्वलरी सुन चाँदी पसल | रु ५००/- | | ५००/- | |
| २ | सून चाँदी जलप लगाएतका गरगहना वेचविखन | रु ५००/- | | ५००/- | |
| ३ | मदिरा ब्यवसाय सिफारिस ( थोक)<br>मदिरा ब्यवसाय नबिकरण शुल्क (थोक) | रु५००००/-<br>रु १०००/- | | ५००००/-<br>१०००/- | |
| ४ | मदिरा ब्यवसाय सिफारिस ( खुद्रा) | रु ३००००/-<br>रु १०००/- | | ३००००/- | |

| | | | | | |
|---|---|---|---|---|---|
| | मदिरा व्यवसाय नबिकरण शुल्क (खुद्रा) | | | १०००/- | |
| ५ | भिडियो क्यामेरा पसल दर्ता | रु २००/- | | ५००/- | |
| ६ | इलेक्ट्रिक सामानको पसल (घडी, रेडियो, टि.भी.मोवाइलमर्मत) | रु ५००/- | | १०००/- | |
| ७ | भाँडा पसल दर्ता | रु ३००/- | | १०००/- | |
| ८ | हार्डवयेर पशल दर्ता शुल्क | रु १०००/- | | १५००/- | |
| ९ | इन्धन विक्रि पसल (डरममा राखेर),एल.पि ग्यास | रु ३००/- | | ५००/- | |
| १० | फर्निचर पसल दर्ता शुल्क | रु ५००/- | | १०००/- | |
| ११ | खाद्यन्न  किराना पसल थोक विक्रेता पशल दर्ता शुल्क | रु १०००/- | | १५००/- | |
| १२ | खाद्यन्न किराना पसल खुद्रा विक्रेता  दर्ता शुल्क | रु ५००/- | | १०००/- | |
| १३ | फलफूल तरकारी पसल  दर्ता | रु १५०/- | | २००/- | |
| १४ | गेष्टहाउस | रु ५००/- | | १०००/- | |
| १५ | होम स्टे प्रति घर | रु ३००/- | | ३००/- | |
| १६ | स्टेशनरी पशल  दर्ता शुल्क | रु २५०/- | | ५००/- | |
| १७ | वित्तीय बैंक नेपाल सरकारको स्वामित्व वाहेक | रु १०००/- | | १५००/- | |
| १८ | फाइनान्स तथा लघु वित्त | रु १०००/- | | १५००/- | |
| १९ | बहुउद्देश्यीय सहकारी -ऋण, वचत प्रतिलाख | रु ५००/- | | १०००/- | |
| २० | कृषि सहकारी प्रति लाख | रु ५०/- | | ५०/- | |
| २१ | औषधी पसल | रु १०००/- | | १५००/- | |
| २२ | दाँत बनाउँने / आँखा सम्बन्धित पसल | रु १०००/- | | १५००/- | |
| २३ | निजी क्षेत्रका विद्यालय<br>क) मा.वि. तह<br>ख) आधारभूत तह | <br>रु १०००/-<br>रु ७००/- | | <br>१०००/-<br>७००/- | |
| २४ | कम्प्युटर प्रशिक्षण | रु ५००/- | | १०००/- | |
| २५ | व्युटिपार्लर दर्ता शुल्क | रु ५००/- | | ५००/- | |
| २६ | सवारी साधन मर्मत ग्यारेज | रु ५००/- | | १०००/- | |
| २७ | फोटो स्टुडियो | रु २५०/- | | ५००/- | |

| | | | | | |
|---|---|---|---|---|---|
| २८ | गै.स.सं.दर्ता सिफारिस<br>गै.स.सं नबिकरण शुल्क | रु १०००/-<br>रु ५००/- | | १५००/-<br>१०००/- | |
| २९ | अन्तरराष्ट्रिय गै.स.सं.(कार्यक्रम अनुमति सिफारिस) | रु ५००/- | | १०००/- | |
| ३० | क)घ वर्गको इजाजत अनुमति शुल्क<br>ख)गाउँपालिका सेवा शुल्क<br>जम्मा क+ख<br>ग)अनुमति पत्रको प्रतिलिपि<br>घ)नामसारि तथा ठाउसारि<br>ङ) नविकरण शुल्क(असोज भित्र)<br>च) नविकरण शुल्क असोज पछाडि चैत्र सम्म) | | | १०००/-<br>१५००/-<br>२५००/-<br>१०००/-<br>१०००/-<br>२०००/- | |
| ३१ | मासु पसल | रु ५००/- | | १०००/- | |
| ३२ | पिकनिकपार्क स्पोर्ट | रु १००/- | | १००/- | |
| ३३ | घुम्तीपसल<br>स्थानीय<br>बाह्य | <br>रु १००/-<br>रु २००/- | | <br>१००/-<br>५०० /- | |
| ३४ | कपडा पसल | रु ५००/- | | १०००/- | |
| ३५ | सूचीकार टेलर्स | रु १००/- | | २००/- | |
| ३६ | जुत्तासिउने पसल | रु १००/- | | २००/- | |
| ३७ | राइस मिलकुटनी पीसानी | रु २००/- | | ५००/- | |
| ३८ | ज्योतिष पसल | रु १००/- | | २००/- | |
| ३९ | सवारी साधन सिफारिस शुल्क( स्कुटर, मो.सा., अन्यचार पाङ्गे) | रु ५००/- | | ५००/- | |
| ४० | निजी कार जीप सिफारिस शुल्क | रु १०००/- | | १०००/- | |
| ४१ | ट्याक्टर सिफारिस शुल्क | रु १०००/- | | १०००/- | |
| ४२ | निजी मिनी वस, ट्राभल बस ,ट्रक सिफारिस शुल्क | रु १५००/- | | १५००/- | |
| ४३ | कस्मोटिक पसल | रु २००/- | | ५००/- | |
| ४४ | हजाम पसल दर्ता शुल्क | रु १००/- | | २००/- | |
| ४५ | सुर्तीजन्य पसल दर्ता शुल्क<br>सुर्तीजन्य पसल नबिकरण शुल्क | रु ५००/-<br>रु ३००/- | | ५००/-<br>३००/- | |
| ४६ | एग्रोभेट पसल दर्ता शुल्क | रु १०००/- | | १०००/- | |
| ४७ | सामान्य चिया पसल मात्र | रु १००/- | | ५००/- | |
| ४८ | होटेल एण्ड लज | रु ५००/- | | १०००/- | |
| ४९ | आरन /काठका ठेकि तथा अन्य सामान पसल | रु १००/- | | २००/- | |

| | | | | | |
|---|---|---|---|---|---|
| ५० | डोका ,डालो लगाएत अन्य निगालो र बाँस जन्य सामानको पसल | १००/- | | २००/- | |
| ५१ | हाते कागज,अल्लो प्रशोधन,होजियारी | २५०/- | | ३००/- | |
| ५२ | कभर्ड हल -व्यायाम शाला | २००/- | | ५००/- | |
| ५३ | नयाँ व्यवसाय दर्ता शुल्क रु १ लाख सम्म | २००/- | | ५००/- | |
| ५४ | नयाँ व्यवसाय दर्ता शुल्क रु १ देखि ५ लाख सम्म | ३००/- | | १०००/- | |
| ५५ | नयाँ व्यवसाय दर्ता शुल्क रु ५ लाख देखि १० लाख सम्म | ५००/- | | १०००/- | |
| ५६ | नयाँ व्यवसाय दर्ता शुल्क रु १० लाख भन्दा माथि | १०००/- | | १५००/- | |
| ५७ | उद्योग दर्ता (साना तथा लघु उद्योग) रु १ लाख सम्म | २००/- | | ५००/- | |
| ५८ | उद्योग दर्ता १ लाख देखि ५ लाख सम्म | ३००/- | | १०००/- | |
| ५९ | उद्योग दर्ता ५ लाख भन्दा माथि | १०००/- | | १५००/- | |
| ६० | स मिल काठ चिरानी दर्ता शुल्क | ३००/- | | १०००/- | |
| ६१ | फर्निचर उद्योग दर्ता शुल्क | ३००/- | | १०००/- | |
| ६२ | डेरि उद्योग दर्ता | २००/- | | | |
| ६३ | उल्लेखित बाहेक अन्य<br>ब्यबसाय दर्ता<br>सिफारिस<br>प्रमाणित<br>सम्सोधित | <br>२००/-<br>१००/-<br>२००/-<br>२००/- | | <br>५००/-<br>२००/-<br>५००/-<br>५००/- | |
| ६४ | उल्लेखित बाहेक अन्य नबिकरण शुल्क | २००/- | | ५००/- | |

## घट्ट कर

| | | | | | |
|---|---|---|---|---|---|
| ६५ | नयाँ पानी घट्ट दर्ता शुल्क | रु ५०/- | | रु ५०/- | |
| ६६ | विद्युतबाट चल्ने घट्ट दर्ता शुल्क | रु १००/- | | रु १००/- | |
| ६७ | ३ महिना सम्म संचालन हुने | रु ५०/- | | रु ५०/- | |
| ६८ | ६ महिना सम्म संचालन हुने | रु ७५/- | | रु ७५/- | |
| ६९ | १२ महिना संचालन हुन | रु १००/- | | रु १००/- | |

## अनुसूची - ५
(दफा ६ संग सम्बन्धित)
## गाउँपालिकाले लगाउने जडिवुटी,फलफूल, कवाडी र जीवजन्तु कर

| सि.नं. | राजश्वका क्षेत्रहरु | गत आ.व.को यथार्थ रकम | चालु आ.व.को संशोधित अनुमान | आगामि आ.व.को अनुमान | कैफियत |
|---|---|---|---|---|---|
| १ | लोकल यार्र्चा गुम्बा प्रति के.जि | रु ५००/- | | रु ५००/- | |
| २ | यार्र्चा गुम्बा प्रति के.जि | रु १५००/- | | रु १५००/- | |
| ३ | पाषणबेद प्रति क्विन्टल | रु १००/- | | रु १००/- | |
| ४ | समय प्रति क्विन्टल | रु १००/- | | रु १००/- | |
| ५ | चिराइतो प्रति क्विन्टल | रु ५०/- | | रु ५०/- | |
| ६ | बोजो प्रति क्विन्टल | रु १००/- | | रु १००/- | |
| ७ | कटुकि प्रति क्विन्टल | रु २००/- | | रु २००/- | |
| ८ | सतुवा प्रति क्विन्टल | रु ५००/- | | रु ५००/- | |
| ९ | घुचि च्याउ,पन्ने च्याउ,अन्य च्याउ जाती प्रति के.जि | रु १०/- | | रु १०/- | |
| १० | गदाल्नो प्रति के.जि | रु १०/- | | रु १०/- | |
| ११ | लोक्ता,अल्लो प्रति क्विन्टल | रु १५०/- | | रु १५०/- | |
| १२ | रिठो प्रति क्विन्टल | रु १५०/- | | रु १५०/- | |
| १३ | सुनाखरी प्रति के.जि | रु १०/- | | रु १०/- | |
| १४ | स्याउ,सुन्तला,ओखर,आरु,केरा आदि प्रति क्विन्टल | रु १००/- | | रु १००/- | |
| १५ | कोदो,मकै,फापर,जौ,लोकल चामल, प्रति क्विन्टल | रु १००/- | | रु १००/- | |
| १६ | दालजन्य गेडागुडि | रु १००/- | | रु १००/- | |
| १७ | कवाडिजन्य सामान प्रति टेक्टर | रु ५०/- | | रु ५०/- | |
| १८ | भेडा,बाखा,खसि,बोका (प्रति गोटा स्थानिय)<br>भेडा,बाखा,खसि,बोका (प्रति गोटा बाहय बिक्रि गर्न)<br>भेडा,बाखा,खसि,बोका (प्रति गोटा बार्षिक ढुवानी कार्य गर्न) | रु १०/-<br>रु ५/-<br>रु १०/- | | रु ५/-<br>रु ५/-<br>रु १०/- | |
| १९ | भैसि,राँगा, प्रति गोटा<br>गाई, गोरु प्रति गोटा | रु २००/-<br>रु ५०/- | | रु ५००/-<br>रु १००/- | |
| २० | खच्चर( प्रति गोटा सामान ढुवानी बार्षिक) | रु १००/- | | रु २००/- | |
| २१ | जनावरको हाडखोर प्वाँख छाला नङग्रा सिंङ रौ आदि प्रति गोटा | रु ५००/- | | रु ५००/- | |

## रुख कटानको कर

| सि.नं. | राजश्वका क्षेत्रहरु | गत आ.व.को यथार्थ रकम | चालु आ.व.को संशोधित अनुमान | आगामि आ.व.को अनुमान | कैफियत |
|---|---|---|---|---|---|
| १ | १ वटा रुख देखि १० वटा रुख सम्म (प्रति रुख) | रु ५०/- | | रु ५०/- | |
| २ | ११ वटा रुख देखि ३० वटा रुख सम्म (प्रति रुख) | रु ७५/- | | रु ७५/- | |
| ३ | ३१ वटा रुख देखि ५० वटा रुख सम्म (प्रति रुख) | रु १०० /- | | रु १०० /- | |
| ४ | ५१ वटा रुख देखि १०० वटा रुख सम्म (प्रति रुख) | रु १५० /- | | रु १५० /- | |
| ५ | १०१ वटा रुख देखि ५००वटा रुख सम्म (प्रति रुख) | रु २००/- | | रु २००/- | |
| ६ | ५०१ वटा रुख देखि १००० वटा रुख सम्म (प्रति रुख) | रु २५०/- | | रु २५०/- | |
| ७ | १००० वटा रुख भन्दा माथि (प्रति रुख) | रु ३००/- | | रु ३००/- | |
| ८ | सल्लाको रुखबाट खोटो संकलन कार्य( प्रति टिन) | रु १०/- | | रु १०/- | |
| ९ | काठ निकासि प्रति ट्याक्टर | ० | | रु १०००/- | |
| १० | काठ निकासि गा पा भित्र | ० | | रु २००/- | |

**अनुसूची - ६**

(दफा ७ संग सम्बन्धित)

**गाउँपालिकाले लगाउने सवारी साधन कर**

| सि.नं. | राजश्वका क्षेत्रहरु | गत आ.व.को यथार्थ रकम | चालु आ.व.को संशोधित अनुमान | आगामि आ.व.को अनुमान | कैफियत |
|---|---|---|---|---|---|
| १ | जिप प्रति दिन | रु ५०/- | | रु ५०/- | |
| २ | बस ट्रक एक ट्रिपको | रु १५०/- | | रु १५०/- | |
| ३ | टेक्टर एक ट्रिपको | रु १००/- | | रु १००/- | |
| ४ | जे.सि.भि र ह्भि इक्युपमेन्ट | रु २००/- | | रु २००/- | |

तल्कोट गाउँपालिका

## अनुसूची - ७

(दफा ८ संग सम्बन्धित)

### गाउँपालिकाले लगाउने विज्ञापन कर

| सि.नं. | राजश्वका क्षेत्रहरु | गत आ.व.को यथार्थ रकम | चालु आ.व.को संशोधित अनुमान | आगामि आ.व.को अनुमान | कैफियत |
|---|---|---|---|---|---|
| १ | गाडीमा सामान वोकी विज्ञापन गर्ने (प्रतिपटक) | रु १००/- | | रु १००/- | |
| २ | स्टल राखी विज्ञापनगर्नै ( प्रतिदिन) | रु १००/- | | रु १००/- | |
| ३ | कन्सर्ट (प्रतिपटक) | रु १००/- | | रु १००/- | |
| ४ | तुलव्यानर राखी विज्ञापन - प्रतिपटक | रु ५०/- | | रु ५०/- | |
| ५ | होडिङ बोर्ड राखि बिज्ञापन गर्ने | रु ५००/- | | रु ५००/- | |
| ६ | सञ्चार सम्बन्धित टावर | रु ६०००/- | | रु ६०००/- | |

## अनुसूची - ८

(दफा ९ संग सम्बन्धित)

### गाउँपालिकाले लगाउने मनोरञ्जन कर

| सि.नं. | राजश्वका क्षेत्रहरु | गत आ.व.को यथार्थ रकम | चालु आ.व.को संशोधित अनुमान | आगामि आ.व.को अनुमान | कैफियत |
|---|---|---|---|---|---|
| १ | सिनेमा घर | रु ५००/- | | रु ५००/- | |
| २ | भिडियो देखाउने | रु २००/- | | रु २००/- | |
| ३ | गित सङगित पाठशाला | रु २००/- | | रु २००/- | |
| ४ | जादुगर,सर्कश, | रु २००/- | | रु २००/- | |
| ५ | डान्सवार ,दोहोरिसाझ | ० | | रु २०००/- | |

## अनुसूची - ९
(दफा १० संग सम्बन्धित)
## गाउँपालिकाले लगाउने बहाल विटौरी शुल्क

| सि.नं. | राजश्वका क्षेत्रहरु | गत आ.व.को यथार्थ रकम | चालु आ.व.को संशोधित अनुमान | आगामि आ.व.को अनुमान | कैफियत |
|---|---|---|---|---|---|
| १ | पक्कि घर बाटोले छोएको (प्रति कोठा वार्षिक) | रु १०००/- | | रु १०००/- | |
| २ | पक्कि घर बाटोले नछोएको (प्रति कोठा वार्षिक) | रु ८००/- | | रु ८००/- | |
| ३ | कच्चि घर बाटोले छोएको ( प्रति कोठा वार्षिक) | रु ८००/- | | रु ८००/- | |
| ४ | कच्चि घर बाटोले नछोएको ( प्रति कोठा वार्षिक) | रु ६००/- | | रु ६००/- | |
| ५ | टिनको छाप्रो मासिक | रु ५००/- | | रु ३००/- | |
| ६ | बाटोको क्षेत्रमा प्रति रोपनि( वार्षिक) | रु १५००/- | | रु १५००/- | |
| ७ | बाटोको क्षेत्र बाहेक प्रति रोपनि (बार्षिक) | रु १०००/- | | रु १०००/- | |

## अनुसूची - १०
(दफा ११ संग सम्बन्धित)
## गाउँपालिकाले लगाउने पार्किङ शुल्क

| सि.नं. | राजश्वका क्षेत्रहरु | गत आ.व.को यथार्थ रकम | चालु आ.व.को संशोधित अनुमान | आगामि आ.व.को अनुमान | कैफियत |
|---|---|---|---|---|---|
| १ | मोटर साइकल | रु १०/- | | रु१०/- | |
| २ | कार,जिप, | रु २०/- | | रु २०/- | |
| ३ | टेक्टर | रु ३०/- | | रु ३०/- | |

तल्कोट गाउँपालिका

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | बस,ट्रक | रु ४०/- | | रु ४०/- | |

## अनुसूची - ११
(दफा १२ संग सम्बन्धित)
## गाउँपालिकाले लगाउने ट्रेकिङ, बन्जी जम्पिङ्ग, र न्याफ्टीङ्ग शुल्क

| सि.नं. | राजश्वका क्षेत्रहरु | गत आ.व.को यथार्थ रकम | चालु आ.व.को संशोधित अनुमान | आगामि आ.व.को अनुमान | कैफियत |
|---|---|---|---|---|---|
| १ | ट्रेकिङ ( आन्तरिक पर्यटक)<br>ट्रेकिङ ( बाह्य पर्यटक) | रु १००/-<br>रु १०००/- | | रु १००/-<br>रु १०००/- | |
| २ | बन्जी जम्पिङ्ग ( आन्तरिक पर्यटक)<br>बन्जी जम्पिङ्ग ( बाह्य पर्यटक) | रु ५००/-<br>रु १५००/- | | रु ५००/-<br>रु १५००/- | |
| ३ | न्याफ्टीङ्ग शुल्क ( आन्तरिक पर्यटक)<br>न्याफ्टीङ्ग शुल्क ( बाह्य पर्यटक) | रु २५०/-<br>रु १०००/- | | रु २५०/-<br>रु १०००/- | |

## अनुसूची - १२
(दफा १३ संग सम्बन्धित)
## गाउँपालिकाले लगाउने सेवा शुल्क, सिफारिस ,दस्तुर

| सि.नं. | राजश्वका क्षेत्रहरु | गत आ.व.को यथार्थ रकम | चालु आ.व.को संशोधित अनुमान | आगामि आ.व.को अनुमान | कैफियत |
|---|---|---|---|---|---|
| १ | घर जग्गा नामसारी सिफारिस | १००/- | | १००/- | |
| २ | मोही लगत कट्टा सिफारिस | १००/- | | १००/- | |
| ३ | घर कायम सिफारिस | १००/- | | १००/- | |
| ४ | छात्र बृत्ति सिफारिस | ५०/- | | ५०/- | |
| ५ | विपन्न विद्यार्थी छात्र बृत्ति सिफरिस | ५०/- | | ५०/- | |
| ६ | अपांग सिफारिस | निशूल्क | | निशूल्क | |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | अस्थायी बसोवास सिफारिस | १००/- | | १००/- | |
| ८ | स्थायी वसोवास सिफारिस | १००/- | | १००/- | |
| ९ | नागरिकता सिफारिस<br>नागरिकता प्रतिलिपि सिफारिस | १००/-<br>१००/- | | १००/-<br>१५०/- | |
| १० | अंगिकृत नागरिकता सिफारिस | ५००/- | | ५००/- | |
| ११ | आर्थिक अवस्था कमजोर वा विपन्नता प्रमाणित | १००/- | | १००/- | |
| १२ | आर्थिक अवस्था वलियो वा सम्पन्नता प्रमाणित | १०००/- | | १०००/- | |
| १३ | विद्युत जडान सिफारिस | १००/- | | १००/- | |
| १४ | धारा जडान सिफारिस | १००/- | | १००/- | |
| १५ | जिवित रहेको सिफारिस | १००/- | | १००/- | |
| १६ | दुवै नाम गरेको व्यक्ति एउटै हो भन्ने सिफारिस/ फरक जन्ममिति संशोधन सिफारिस | १००/- | | १००/- | |
| १७ | जग्गा मूल्याङ्कन सिफारिस र प्रमाणित | ५००/- | | ५००/- | |
| १८ | व्यवसाय वन्द सिफारिस | १००/- | | १००/- | |
| १९ | व्यवसाय सञ्चालन नभएको सिफारिस | १००/- | | १००/- | |
| २० | व्यापार व्यवसाय नभएको सिफारिस | १००/- | | १००/- | |
| २१ | कोट फी मिनाहा सिफारिस | १००/- | | १००/- | |
| २२ | नावालक परिचयपत्र सिफारिस | १००/- | | १००/- | |
| २३ | चौपाय सम्बन्धी सिफारिस | १००/- | | १००/- | |
| २४ | व्यवसाय दर्ता सिफारिस | १००/- | | १००/- | |
| २५ | उद्योग ठाउँसरी सिफारिस | ५००/- | | ५००/- | |
| २६ | विद्यालय ठाउँसरी सिफारिस | ५००/- | | ५००/- | |
| २७ | आन्तिरिक बसाइँसराई सिफारिस | १००/- | | १००/- | |
| २८ | व्यक्तिगत विवरण सिफारिस | १००/- | | १००/- | |
| २९ | जग्गा दर्ता सिफारिस | १००/- | | १००/- | |
| ३० | संरक्षक सिफारिस ( व्यक्तिगत) | १००/- | | १००/- | |
| ३१ | संरक्षक सिफारिस ( | २००/- | | २००/- | |

| | | | | | |
|---|---|---|---|---|---|
| | संस्थागत) | | | | |
| ३२ | नेपाल सरकारको नाममा बाटो कायम सिफारिस | १००/- | | १००/- | |
| ३३ | जिवित संगको नाताप्रमाणित | १००/- | | १००/- | |
| ३४ | मृतक संगको नाता प्रमाणित | १००/- | | १००/- | |
| ३५ | कोठा खोल्ने कार्य/ रोहवरमा वस्ने कार्य | १००/- | | १००/- | |
| ३६ | निशुल्क वा सशुल्क स्वास्थ्य उपचार सिफारिस | निशूल्क | | निशूल्क | |
| ३७ | अन्य कार्यालयको मागअनुसार विवरण खुलाइपठाउने कार्य | निशूल्क | | निशूल्क | |
| ३८ | संस्था दर्ता सिफारिस<br>समुह दर्ता सिफारिस | २००/-<br>१००/- | | २००/-<br>१००/- | |
| ३९ | घरबाटो प्रमाणित | १५०/- | | १५०/- | |
| ४० | चार किल्ला प्रमाणित | १५०/- | | ५००/- | |
| ४१ | जन्म मिति प्रमाणित | १००/- | | १००/- | |
| ४२ | विवाह प्रमाणित | १००/- | | १००/- | |
| ४३ | कागज मन्जुरीनामा प्रमाणित | १००/- | | १००/- | |
| ४४ | हकवाला वा हकदार प्रमाणित | १००/- | | १००/- | |
| ४५ | अविवाहित प्रमाणित | १००/- | | १००/- | |
| ४६ | जग्गा रेखाङ्कनको कार्य वा सो कार्यमा रोहवर | १५०/- | | १५०/- | |
| ४७ | जग्गा धनीपूर्जा हराएको सिफारिस | १००/- | | १००/- | |
| ४८ | पूर्जामा घर कायम गर्ने सिफारिस | १००/- | | १००/- | |
| ४९ | अंग्रेजी सिफारिस तथा प्रमाणित | प्रति पेज १००/- | | प्रति पेज १००/- | |
| ५० | मिलापत्र कागज /उजुरी दर्ता | १००/- | | १००/- | |
| ५१ | जन्म दर्ता | ५०/- | | ५०/- | |
| ५२ | मृत्यु दर्ता | ५०/- | | ५०/- | |
| ५३ | विवाह दर्ता | ५०/- | | ५०/- | |
| ५४ | वसाई सराई आउने/जाने दर्ता | १००/- | | १००/- | |
| ५५ | सम्वन्धविच्छेद दर्ता | १००/- | | १००/- | |
| ५६ | पक्का घरको सर्जमिन वापत | २००/- | | २००/- | |

| | | | | | |
|---|---|---|---|---|---|
| ५७ | अन्य सवै प्रयोजनको सर्जमिन वापत | २००/- | | २००/- | |
| ५८ | अचल सम्पत्ति मूल्यांकंन | ०.०५ प्रतिशत | | ०.०५ प्रतिशत | |
| ५९ | रकम कलम बढाई दिएवापत | बढाइएकोमा २ प्रतिशत | | बढाइएकोमा २ प्रतिशत | |
| ६० | नाता प्रमाणित | १००/- | | १००/- | |
| ६१ | बहाल करको लेखा जोखा सिफारिस | १००/- | | १००/- | |
| ६२ | घर पाताल प्रमाणित | निशूल्क | | निशूल्क | |
| ६३ | कित्तकाट सिफारिस | १००/- | | १००/- | |
| ६४ | नामसारी सिफारिस | १००/- | | १००/- | |
| ६५ | जग्गाको हक सम्बन्धमा सिफारिस | १००/- | | १००/- | |
| ६६ | पालन पोषणको लागि सिफारिस | १००/- | | १००/- | |

| **निजी विद्यालय सिफारिस** | | | | | |
|---|---|---|---|---|---|
| ६७ | शिशु कक्षा संचालन दर्ता | १००० /- | | १००० /- | |
| ६८ | आधारभूत स्तर | १५०० /- | | १५०० /- | |
| ६९ | माध्यमिक स्तर | २०००/- | | २०००/- | |
| **सामुदायीक विद्यालय सिफारिस** | | | | | |
| ७० | शिशु कक्षा संचालन दर्ता | १०० /- | | १०० /- | |
| ७१ | आधारभूत स्तर | ३००/- | | ३००/- | |
| ७२ | माध्यमिक स्तर | ५००/- | | ५००/- | |
| **विद्यालयको ठाउँसारी गर्ने सिफारिस** | | | | | |
| ७३ | निजी | १००० /- | | १००० /- | |
| ७४ | सामुदायीक | ५००/- | | ५००/- | |

| **निजी विद्यालयको कक्षा वृद्धि (अपग्रेड)** | | | | | |
|---|---|---|---|---|---|
| ७५ | आधारभूत स्तर | १५०० /- | | १५०० /- | |
| ७६ | माध्यमिक स्तर | २०००/- | | २०००/- | |
| ७७ | क्याम्पस/कलेज स्तर | २५००/- | | २५००/- | |

| **सामुदायीक विद्यालयको कक्षा वृद्धि (अपग्रेड)** | | | | | |
|---|---|---|---|---|---|
| ७८ | आधारभूत स्तर | ५००/- | | ५००/- | |
| ७९ | माध्यमिक स्तर | १००० /- | | १००० /- | |

| | | | | | |
|---|---|---|---|---|---|
| ८० | क्याम्पस/कलेज स्तर | १५०० /- | | १५०० /- | |

| घर जग्गा मूल्याङकन | | | | | |
|---|---|---|---|---|---|
| ८१ | १ लाख देखि २० लाख सम्म | २०००/- | | २०००/- | |
| ८२ | थप प्रति लाख | १०० /- | | १०० /- | |

| नक्सा पास दस्तुर | | | | | |
|---|---|---|---|---|---|
| ८३ | कच्ची घरको RCC बाहेक एक मुष्ट भुकम्प प्रतिरोध घर एक तले | रु५००/- | | ५००/- | |
| ८४ | कच्ची घरको RCC बाहेक एक मुष्ट भुकम्प प्रतिरोध घर दुइ तले | रु१००० /- | | १००० /- | |
| ८५ | कच्ची घरको RCC बाहेक एक मुष्ट भुकम्प प्रतिरोध घर तीन तले वा माथि | रु१५०० /- | | १५०० /- | |
| ८६ | RCC को लागि प्रति तला ( भुकम्प प्रतिरोध) | रु१००० /- | | १००० /- | |
| ८७ | RCC को लागि प्रति ३ तला भन्दा माथि (भुकम्प प्रतिरोध) | रु५००० /- | | ५०००/- | |

| योजना तथा कार्यक्रम सिफारिस शुल्क | | | | | |
|---|---|---|---|---|---|
| सि.नं. | राजश्वका क्षेत्रहरु | सिफारिस शुल्क | | | |
| ८८ | १ लाख देखि ३ लाख सम्म | रु ५००/- | | रु ५००/- | |
| ८९ | ३ लाख देखि ५ लाख सम्म | रु १५०० /- | | रु १५०० /- | |
| ९० | ५ लाख देखि १० लाख सम्म | रु २०००/- | | रु २०००/- | |
| ९१ | ११ लाख देखि २० लाख सम्म | रु २५००/- | | रु २५००/- | |
| ९२ | २१ लाख देखि ४० लाख सम्म | रु ३०००/- | | रु ३०००/- | |
| ९३ | ४१ लाख देखि ५० लाख सम्म | रु ३५००/- | | रु ३५००/- | |
| ९४ | ५१ लाख देखि ६० लाख सम्म | रु ४०००/- | | रु ४०००/- | |

| योजना तथा कार्यक्रम दर्ता शुल्क | | | | | |
|---|---|---|---|---|---|
| सि.नं. | राजश्वका क्षेत्रहरु | दर्ता शुल्क | | | |
| ९५ | १ लाख देखि ३ लाख सम्म | रु १०० /- | | रु १०० /- | |
| ९६ | ३ लाख देखि ५ लाख सम्म | रु१०० /- | | रु १०० /- | |
| ९७ | ५ लाख देखि १० लाख सम्म | रु१०० /- | | रु १०० /- | |
| ९८ | ११ लाख देखि २० लाख सम्म | रु १०० /- | | रु १०० /- | |

| | | | | | |
|---|---|---|---|---|---|
| ९९ | २१ लाख देखि ४० लाख सम्म | रु १०० /- | | रु१०० /- | |
| १०० | ४१ लाख देखि ५० लाख सम्म | रु १०० /- | | रु १०० /- | |
| १०१ | ५१ लाख देखि ६० लाख सम्म | रु १०० /- | | रु १०० /- | |

## अनुसूची - १३
(दफा १४ संग सम्बन्धित)
## गाउँपालिकाले लगाउने पर्यटन शुल्क

| सि.नं. | राजश्वका क्षेत्रहरु | गत आ.व.को यथार्थ रकम | चालु आ.व.को संशोधित अनुमान | आगामि आ.व.को अनुमान | कैफियत |
|---|---|---|---|---|---|
| १ | आन्तरिक पर्यटक बयस्क | रु १००/- | | रु१००/- | |
| २ | आन्तरिक पर्यटक बिधार्थि/बालबालिका/जेष्ठ नागरिक/अपाङ्ग | रु ५०/- | | रु५०/- | |
| ३ | बाह्य पर्यटक | रु ५००/- | | रु५००/- | |

तल्कोट गाउँपालिका